

# बिहानीको घामसँगै

लेखक
तारा पुन

चित्राङ्कनकर्ता
प्रोमिना श्रेष्ठ

सम्पादक
शान्तदास मानन्धर

Room to Read

NP-LLP-10-0024_Text_InTheLightOf.indd 1 6/26/23 1:03 PM

आमाले भोलिदेखि स्कुल जाने भन्नुभएकाले शीतल खुसीले राति अबेरसम्म सुत्नै सकिनन्। उनी आज ढिलो उठिन् र जिउ तन्काउँदै झ्यालबाट बाहिर हेर्न थालिन्।






NP-LLP-10-0024_Text_InTheLightOf.indd 2 6/26/23 1:03 PM


आहा ! कस्तो राम्रो ! घाम झुल्किनै लागेछ । आमाले त कुखुरालाई चारो दिइसक्नुभएछ । लौ, सेतो भालेले कति छिटो चारो टिपिरहेछ । गाईले पनि कति मजाले घाँस चरम-चरम चपाइरहेको छ । चल्लाहरू पनि चिउँ-चिउँ गर्दै चारो टिपिरहेछन् । क्या रमाइलो !





NP-LLP-10-0024_Text_InTheLightOf.indd 3 6/26/23 1:03 PM

आँगनको छेउतिर पाठा, पाठी र सानो छिर्के छाउरो आफैँ जिस्किँदै उफ्री-उफ्री खेलिरहेको देखेर शीतल मुसुक्क हाँसिन् ।





NP-LLP-10-0024_Text_InTheLightOf.indd 4 6/26/23 1:03 PM

बाच्छाले मुन्टो हल्लाई–हल्लाई आफ्नी आमाको दूध खाइरहेको शीतलले देखिन्। “म पनि तल दूध खान जान्छु” उनले मनमनै भनिन्।





NP-LLP-10-0024_Text_InTheLightOf.indd 5 6/26/23 1:03 PM

उनी चोटाबाट तल झरिन्। हात–मुख धोइन्, दाँत माझिन् अनि आमाकहाँ पुगिन्।





NP-LLP-10-0024_Text_InTheLightOf.indd 6 6/26/23 1:03 PM

"आमा ! आमा ! मलाई दूध दिनुस् न !"
"आयौ नानी ? भित्र भान्छामा राखिदिएकी छु । सेलाइसकेको होला, गएर खाऊ । अनि, आज म तिम्रो नङ पनि काटिदिन्छु ।"





NP-LLP-10-0024_Text_InTheLightOf.indd 7 6/26/23 1:03 PM

शीतल मुखभरि लागेको दूध हातले पुछ्दै आइन् र सुनाइन्, "आमा, आमा, मैले सबै दूध खाइसकेँ।"

"ल आऊ, अब नङ काटिदिन्छु।"

"आमा, मलाई त कपाल पनि राम्ररी बाटिदिनुस् है!"

"म अब खाना पकाउन जान्छु। तिम्री दिदीलाई भन।"



“दिदी, दिदी, मेरो कपाल बाटिखिनुस् न ?”
“ल आऊ”, दिदीले भन्नुभयो र चिटिक्क पारेर बाटिदिनुभयो।
“दिदी, मेरो कपाल लामो कि रिबन लामो ?”
“तिम्रो कपालभन्दा त यो रिबन नै लामो छ नानु ।
आहा ! कति राम्री देखिएकी, मेरी बहिनी !”
“साँच्ची हो, दिदी ?”
“हो त नि ।”





NP-LLP-10-0024_Text_InTheLightOf.indd 9 6/26/23 1:03 PM

शीतल बाहिर गएर आफ्ना साथीहरूसँग सोध्न पुगिन् । "हेर हेर मुने, म कस्तो देखिएँ ?" मुनेले पनि टाउको हल्लाउँदै उफ्री–उफ्री म्याँ म्याँ गऱ्यो । शीतलले सम्झी, मुनेले भन्दैछ, "राम्रो ! राम्रो !"

"सेतो भाले, तिमी पनि मलाई हेर त, म कस्ती देखिएकी छु ?"

'कुखुरी काँ' गर्दै पखेटा फर्फराउँदै भाले करायो । शीतलले सम्झी, "भालेले भन्दै छ, राम्रो छ ! राम्रो छ !"





NP-LLP-10-0024_Text_InTheLightOf.indd 10 6/26/23 1:03 PM

"बाच्छी, यता हेर त, रातो रिबनले बाटेको मेरो कपाल कस्तो छ ?" बाच्छी करायो,
"बाँ बाँ ! राम्रो छ, राम्रो छ !"



“मेरो सानो छिर्के छाउरो, हेर त, म कस्ती देखिएकी छु ?” छिर्के छाउरो भौँ भौँ गर्दै भुक्यो, “राम्रो ! राम्रो !”





NP-LLP-10-0024_Text_InTheLightOf.indd 12 6/26/23 1:03 PM

त्यत्तिकैमा आमा आइपुग्नुभयो र सोध्नुभयो “नानु, तिमीले स्कुलको लुगा लगाएको खोइ ?”
“ए हो त नि !”





शीतल फुरुङ्ग हुँदै आमाले हिजो मात्र सिलाइदिनुभएको लुगा लगाउँदै बाहिर आइन् । अनि बाच्छा, मुने, सेतो भाले, छिर्के छाउरो र पाठापाठी सबैसित सोधिन् । सबैले एकैचोटी कराउँदै आआफ्नो बोली बोले । शीतलले बुझिन्, सबैले भन्दैछन्, “राम्रो छ ! राम्रो छ !”



NP-LLP-10-0024_Text_InTheLightOf.indd 14 6/26/23 1:03 PM



त्यसैबेला उनका बाबा हातमा कोदाली बोकेर आउनुभयो, “छोरी, तिम्रो त कपाल पनि कति राम्रो, चिटिक्क परेको! कसले बाटिदियो हँ ?”

“दिदीले, साँच्ची राम्रो छ हकि ?”



NP-LLP-10-0024_Text_InTheLightOf.indd 15 6/26/23 1:03 PM

“नयाँ लुगा पनि लगाइछौ। कति राम्री देखिएकी मेरी कान्छी छोरी।”

“साँच्ची हो बा ?”

“हो, साँच्ची कति राम्री देखिएकी। तर खोइ त हिजो मैले बजारबाट ल्याइदिएको जुत्ता लाउनु पर्दैन त ?”

“ए ! हो त नि, मैले त बिर्सेछु। अहिल्यै लगाइहाल्छु है बा !”

“ल ! ल !”



जुत्ता लगाएर शीलतले फेरि आफ्ना साथीहरूलाई सोधिन्, “हेर हेर बाच्छा, हेर त सेतो भाले, हेर हेर त मुने, हेर हेर छिर्के, मेरो नयाँ जुत्ता मलाई बाले बजारबाट ल्याइदिनुभएको। कस्तो छ हँ ?”

फेरि सबैले आ-आफ्नो बोलीमा भन्न थाले, “राम्रो छ, राम्रो छ !”



शीतल हतार-हतार दिदीलाई भन्न थालिन्, "दिदी, दिदी, स्कुल जाने होइन भन्या ?" शीतल विद्यालय पुग्न हतारिएकी छिन्, किनभने हिजो भर्ना हुन जाँदा शिक्षिकाले उनलाई निकै माया गर्नुभएको थियो। "भोलि समयमै स्कुल आउनु है शीतल ?" भन्नुभएको थियो। नयाँ साथीहरूलाई भेट्न पनि उनलाई निकै हतार लागेको थियो।

"जाने हो। कापी, किताप, कलम सबै हालिसकेकी छौ त आफ्नो झोलामा ?"

लौ, ती त मैले चोटामा मेरो ओछ्यानछेउनेरै छाडेर आएछु, म झट्टै लिएर आइहाल्छु है।"





NP-LLP-10-0024_Text_InTheLightOf.indd 18 6/26/23 1:04 PM


नयाँ झोलामा नयाँ कापी, किताब, कलम र आमाले तयार गरिदिनुभएको खाजाको बट्टा र पानीको बोतल हाल्दै शीतलले फेरि आफ्ना साथीहरूलाई सोधिन्। "हेर हेर म कस्तो देखिएँ ? मेरो नयाँ झोला यो। यो पनि बाले हिजो बजारबाट ल्याइदिनुभएको। कस्तो राम्रो हकि ?"

सबैले आ-आफ्नो आवाजमा उफ्री-उफ्री ठुलो स्वरमा भन्न थाले, । "राम्रो ! राम्रो छ !" अनि शीतल फुरुङ्ग भएर स्कुल जान तयार भइन् तर उनले त एउटा कुरा झन्डै बिर्सिएकी थिइन् !





NP-LLP-10-0024_Text_InTheLightOf.indd 19 6/26/23 1:04 PM



शीतलकी आमा भित्रबाट खाना लिएर आउनुभयो । शीतलले त खाना खान नै बिर्सेकी थिइन् । आमाले भन्नुभएपछि दिदीसँग खाना खान बसिन् ।



शीतलले लजाउँदै भनिन्, "दिदी, मैले त स्कुल जाने भन्दै खाना खान नै बिर्सिएकी, तर मसँग आमाले हालिदिनुभएको खाजा त थियो नि झोलामा ।"

"हो, तर खाजा भनेको खाना त हैन नि !"

त्यो दिन दिदीको हात समाउँदै शीतल स्कुल गइन्- बिहानीको घामसँगै। आफ्ना साथीहरू बाच्छा, सेतो भाले, मुने, सानो पप्पी, सानी चल्ली र पाठा पाठीहरूलाई हात हल्लाउँदै। त्यसैबेला सबैले ठुलो स्वरमा भन्न थाले, "राम्रो ! राम्रो छ !"

"म स्कुलबाट फर्केपछि तिमीहरूसँग खेल्न आउँछु है।" शीतलले हात हल्लाउँदै भनिन्।

बा आमा पनि शीतल र उनका साथीहरूलाई हेर्दै मुसुमुसु हाँस्नुभयो।



NP-LLP-10-0024_Text_InTheLightOf.indd 22 6/26/23 1:04 PM